नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

च.नं.
प.स. २०८२/०८३

**राजनैतिक दल,उमेदवार, दलका भातृ संगठन, पत्रकार, नागरिक समाज र आम सर्वसाधारण नागरिकको जानकारीको लागि निर्वाचन आचार संहिता,२०८२ पालना गर्ने सम्बन्धमा निर्वाचन आचार संहिता अनुगमन अधिकृतद्धारा जारी गरिएको सूचना ।**

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ लाई स्वच्छ,स्वतन्त्र,निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने गराउने कार्य उमेदवार,राजनैतिक दल,दलका भातृ संगठन पत्रकार र आम सर्वसाधारण नागरिकहरु सबैको कर्तव्य एवम् दायित्व हो ।यसै सन्दर्भमा **निर्वाचन आचार संहिता,२०८२** निर्वाचन आयोगबाट जारी भएकोले निर्वाचन नियमन गर्न गराउन तपशिल बमोजिम पाल्पा जिल्लामा क्रियाशिल सबै राजनैतिक दल उमेदवार,दलका भातृ संगठन पत्रकार र आम सर्वसाधारण नागरिकहरु सबैको <u>जानकारीको लागि</u> यो सूचना जारी गरिएको छ ।

<u>तपशिल:</u>

१) राजनैतिक दल,उमेदवार,दलका भातृ संगठन,पत्रकार तथा सम्बन्धित व्यक्तिले निर्वाचन **आचार संहिता,२०८२** को दफा १३ मा उल्लेखित मापदण्ड भित्र रही निर्वाचन प्रचारप्रसार सम्बन्धी काम गर्न सक्ने छन ।

२) राजनैतिक दल,उमेदवार,निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले प्रचलित कानुन र आचारसंहिता विपरित पोष्टर, तुल व्यानर भित्ते लेखन आदि प्रयोग गर्नु हुँदैन ।

३) कसैको निजी घर जग्गा वा सार्वजनिक भवन,उद्यान, सडकका भित्ता वा पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा,दल वा उमेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने ।
प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उमेदवार,प्रस्तावक समर्थक सहित २५ जना भन्दा बढीको जुलुस लिएर जान नमिल्ने,साथै यसरी जाँदा बाजागाजा झाँकी सहित जानु हुँदैन ।

४) जुलुस वा आम सभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उमेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा टोपी वा क्याप,भेष्ट,टिसर्ट ,ज्याकेट,कमिज,गम्छा,ब्याच मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने ।

५) मतदान हुने दिन भन्दा सत्र दिन अघी अर्थात मिति २०८२ फाल्गुण ४ गते देखि मात्र निर्वाचन प्रचारप्रसार सम्बन्धी देहायको काम गर्न सक्नेः

- जुलुस,आमसभा, कोण सभा वा भेला ।
- सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामाग्री प्रकाशन वा प्रशारण गर्न

०८२/१०/१५

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

च.नं.
प.स. २०८२/०८३

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

---

६) उमेदवार तथा दलको कार्यालयमा साईनबोर्ड तथा कपडामा बनाईएको ३×४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्ने बाहेक दलको प्रचारप्रसार गर्ने उद्धेश्यले कुनै डिजिटल बोर्ड फेलेक्स वा ग्लुसाईन बोर्ड राख्न, श्रव्य सामाग्री बजाउन र श्रव्य दृष्य सामाग्रीहरु प्रदर्शन वा प्रशारण गर्न पाईने छैन।

७) जुलुस,आम सभा कोण सभा वा भेला गर्नु अघी स्थानीय प्रशासनको अनुमति लिई मिति,समय मार्ग र स्थानको बारेमा कम्तिमा २४ घण्टा अगावै स्थानीय प्रहरीलाई जानकारी गराउनु पर्ने छ ।

८) एक भन्दा बढी राजनैतिक दल, उमेदवार वा भातृ संगठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस,आमसभा,कोण सभा बैठक वा भेला गर्नु हुँदैन । त्यस्तो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गर्नु पर्ने छ ।

९) धार्मिक संस्था,आमा समूह,गैरसरकारी संस्था आश्रम जस्ता स्थान वा कुनै व्यक्तीलाई नगद वा जिन्सी वितरण गर्न अनुदान आर्थिक सहायता चन्दा पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न हुँदैन ।

१०) विना स्वीकृती राजनैतिक दलको कार्यालय बाहेक अन्य कुनै पनि स्थानमा दलको झण्डा राख्न पाईने छैन ।

११) ज्येष्ठ नागरिक,महिला,यौनिक तथा लैङ्गिक अल्प संख्यक तथा अपाङ्गता भएका व्यक्तिहरुको भावना ईज्जत,चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने कुनै पनि किसिमका प्रचारप्रसार गर्न हुँदैन ।

१२) आयोगले तोके बमोजिम बढीमा २(दुई)वटा दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन चल्न नसक्ने ठाउँमा बढिमा चार वटा घोडाको प्रयोग गर्न सक्ने । तर विदेशी नम्बर प्लेटको सवारी साधनलाई प्रयोगको अनुमति दिईने छैन ।

१३) सरकारी/अर्धसरकारी/संस्थान/विद्यालयको भवन तथा क्षेत्र (जग्गा) प्रयोग गरी निर्वाचन सम्बन्धी भेला,कार्यक्रम वा प्रचारप्रसार गर्न पाईने छैन ।

निर्वाचन आचारसंहिताले तोकेका व्यवस्था विपरित आचारसंहिता उल्लङ्घनका विषयमा निर्वाचन आचारसंहिता,२०८२ को दफा ४८ आकर्षित भई उमेदवारी रद्द हुने सम्मको सजायको व्यवस्था रहेको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।साथै आचारसंहिता उल्लङ्घन गरेको थाहा पाउने वा देख्ने व्यक्तिले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलाई जानकारी गराउन सक्ने व्यहोरा समेत सूचित गरिन्छ

०८२/१०/१५
..............................
ऋषिराम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी
एवम्
निर्वाचन अचारसंहिता अनुगमन अधिकृत